सुनिल स्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर,रोल्पा
प्रदेश नं ५

Visit Nepal 2020 Lifetime Experiences

प.स २०७६।०७७
च.नं:

मिति : २०७७। ०२।१३

# सूचना। सूचना।। सूचना।।।

**कृषक दाजुभाई तथा दिदीबहिनीहरुमा सुनिल स्मृति गाउँपालिकाको विशेष अनुरोध :**

हाल नेपालमा व्यापक रुपमा मकै बालीमा फैलिरहेको मिचाह प्रकृतिको अमेरिकन फौजीकिरा सुनिल स्मृति गाउँपालिकाको वडाहरुमा समस्याको रुपमा देखा परेको हुनाले निम्न अनुसारको आवश्यक सजगता अपनाई क्षति न्यूनिकरण गर्न हुन सम्पुर्ण वडा वासि कृषक दाजुभाई तथा दिदिबहिनीहरुमा अनुरोध छ।

## अमेरिकन फौजिकिराको क्षतिको लक्षणहरु:

- यस किराको लार्भा अवस्थाले मकैको पात,गुभो,जुगाँ तथा घोगामा समेत क्षति पुर्याउन्छ।
- साना लार्भाहरुले पातको हरियो भाग खाएर झिल्ली मात्र राख्छ।
- लार्भाको आकार बढेपछि पातका प्वालहरु देखा पदै जान्छ र पछि पातहरु क्षतविक्षत नै पार्नगर्दछ।
- लार्भा हुकिदै जाँदा गुवो भित्र प्रवेश गरेर खाने गर्दछ र घोगा लागेपछि घोगासमेत खाने गर्दछ।

## अमेरिकन फौजीकिराको पहिचाहन:

- यसको लार्भा सुरु अवस्थामा सेतो र हल्का हरियो रङ्को र टाउको कालो हुन्छ।
- विकसित लार्भाको टाउकोमा अग्रेंजी अक्षरको घोप्टो Y आकारको सेतो रङ्को धर्का हुन्छ।
- लार्भाको माथिलो भागमा पेटको अन्तिम तिर आठौ खण्डमा ठूलो कालो रङ्का चारवटा थोप्लाहरु वर्गकाररुपमा देखिन्छ। त्यस्तै नौ खण्डमा ठूलो कालो रङ्का चारवटा थोप्लाहरु समलम्व चर्तुभुज आकारमा देखिन्छ।
- लार्भाको माथिल्लो भागमा तीन वटा पहेंला रङ्का धर्कामा टाउको पछाडि देखि पेटको अन्तिम भाग सम्म समानान्तर रुपमा रहेको प्रष्ट देखिन्छ।

## व्यवस्थापन:

- ✓ मकै रोप्नु भन्दा अगाडि गहिरो गरेर खनजोत गर्ने।
- ✓ इमिडाक्लोपिरिड ४८ प्रतिशत एफ.फस नामक विषादी ४ ml प्रति केजि बीउमा उपचार गरेर रोप्ने
- ✓ मकैको पातमा झिल्लि सहितको प्वाल अवस्थाको क्षतिको लक्षण देखा परेमा निमजन्य विषादी एजाड्रिरेक्टिन १५०० पि.पि.एम ५ ml प्रतिलिटर पानिमा मिसाएर छर्ने।
- ✓ एउटै विषादी निरन्तर प्रयोग नगरी आलो पालो गरि प्रयोग गर्ने र घोगा लागि सकेपछि विषादी प्रयोग नगर्ने मकैको पातमा प्वाल परेको गुवोमा क्षतिको लक्षण देखापरेमा क्लोरएन्ट्रानिलिप्रोल १८.५ प्रतिशत एस.सि ४ ml दश लिटर पानिमा मिसाएर छर्ने वा स्वाईनोस्याड ४५ प्रतिशत एस.सि ३ ml दश लिटर पानिमा वा इमामेर्सक्टिन बेन्जोएट ५ एस.सि ४ ग्राम प्रति दश लिटर पानिमा मिसाएर गुवो भिज्ने गरि छर्ने।
- ✓ विस्तृत जानकारीको लागि सुनिलस्मृतिगाउपालिका कृषि शाखा सम्पर्क नम्बर ०८६ -४०११५२ वा ९८५७८२४८२१ र ९८६६९०३७१९ वा सम्वन्धित निकायमा सम्पर्क गर्नुहुन अनुरोध छ।

पुर्णेन्द्र घर्ती
अध्यक्ष

शाखा प्रमुख

प्रमुख प्रशासकीय अधिकृत